# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १६५ | काठमाडौं | शनिबार, २५ असोज २०८२ | Prabhab National Daily | Saturday, 11 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## जेन–जी आन्दोलनका क्रममा भागेका कैदीबाट शृंखलाबद्ध हत्या

- फरार कैदी आकाश मगरबाट सुरज तामाङको हत्या
- अर्को फरार कैदी सन्तबहादुर तामाङबाट श्रीमती मनिषा तामाङको हत्या, अनि कारागार फर्किए
- फरार कैदीहरूबाट तीन सातामै दुई हत्या घटना, समाज त्रस्त


प्रतीकात्मक तस्बिर

■ जेबी योञ्जन

**काठमाडौं–** जेन–जी विद्रोहको दोस्रो दिन गत २४ भदौमा देशका विभिन्न कारागारबाट भागेका कैदीहरू एकपछि अर्को हत्या घटनामा संलग्न देखिएका छन्। सुरक्षा विज्ञहरूले फरार कैदीहरूका कारण सुरक्षा चुनौती बढेको विश्लेषण गरिरहेका बेला उनीहरूबाट शृंखलाबद्ध हत्या घटना भएका हुन्।

हत्या घटनामा संलग्न भनिएका कैदीहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई उनका पार्टीका नेता कार्यकर्ताले नख्खु कारागारबाट निकालेपछि फरार भएका थिए। पछिल्लोपटक फरार कैदीबाट यही १३ असोजमा हत्या घटना भएको हो। ती फरार कैदी आकाश मगर हुन्। उनले काठमाडौंको ठमेलमा २५ वर्षीय सुरज तामाङको हत्या गरेको प्रहरी परिसर काठमाडौंले जानकारी दिएको छ।

घटनास्थल आसपास रहेका क्लोज सर्किट टेलिभिजन (सिसिटिभी) मा कैद भिडियोहरूको सूक्ष्म विश्लेषणपछि सुरजको हत्यामा फरार कैदी आकाशको संलग्नता रहेको प्रहरीले निष्कर्ष निकालेका हुन्। हत्या गरिएका तामाङ मकवानपुरका हुन्। उनी काठमाडौंको मनमैजुमा बस्ने गरेको खुलेको छ।

उनलाई आकाशले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको र उपचारका लागि वीर अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए। घटनामा संलग्न भएको भनिएका आकाश फरार छन्। हत्या घटनाको कारण पुरानो रिसइबी भएको प्रहरी दाबी छ।

आकाश यसअघि लुटपाट तथा डकैतीको आरोपमा नख्खु कारागार चलान भएका थिए। तर, गत २४ भदौमा भएको जेन–जी आन्दोलनको क्रममा रास्वपा सभापति लामिछानेलाई नख्खु कारागारबाट निकालिएसँगै आकाशसहितका कैदीहरू कारागार तोडफोड गर्दै फरार भएका थिए।

क्रमशः पृष्ठ २ मा

### जाँचबुझ आयोगले माग्यो फरार कैदीबन्दीको विवरण

गौरीबहादुर कार्की नेतृत्वको उच्चस्तरीय जाँचबुझ आयोगले जेन–जी आन्दोलनको मौका पारेर फरार कैदीबन्दीहरूको विवरण मागेको छ। कारागार व्यवस्थापन विभागलाई शुक्रबार पत्राचार गर्दै आयोगले विवरण मागेको प्रवक्ता विज्ञानराज शर्माले बताए। उनका अनुसार क्षति भएका कारागारहरूको पनि विवरण मागिएको छ।

गत २४ भदौमा कारागारबाट सुरुमा रास्वपा सभापति रवि लामिछाने निस्किएका थिए। त्यसपछि झण्डै १५ हजार कैदीबन्दी फरार भएका थिए। फरार भएको एक महिनापछि आयोगले विभागसँग विवरण मागेको हो। आयोगले लामिछाने निस्किने अवस्था किन आयो ? त्यसबारे पनि छानबिन अघि बढाउने भएको छ।

जेलमा राख्दा फेरि अपराध गर्दैनन् भन्ने हुँदैन, कतिपयले गर्छन्, ठमेल र पनौती घटनाले पनि त्यो पुष्टि गऱ्यो। फरार भएका कैदीहरूलाई जतिसक्दो छिटो नियन्त्रणमा लिनुपर्छ।

■ हेमन्त मल्ल
पूर्वडिआइजी, नेपाल प्रहरी

## सर्वदलीय बैठक

# निर्वाचनबाहेकको विकल्प नखोज्न राष्ट्रपतिको सुझाव, ठूला दल सशंकित

- निर्वाचनबाहेक विकल्प नसोच्न र जेन–जीको माग पूरा गर्न ताजा जनादेशमा जान दलहरूलाई राष्ट्रपति पौडेलको सुझाव
- परिवर्तनलाई आत्मसात् गर्दै निर्वाचनमा भाग लिन प्रधानमन्त्री कार्कीको आग्रह
- अहिलेको सुरक्षा व्यवस्थाले निष्पक्ष र स्वतन्त्र वातावरणमा निर्वाचन हुने विषयमा संशय पैदा भएको कांग्रेस–एमालेका नेताको धारणा, निर्वाचनबारे केन्द्रीय समितिको निर्णय पर्खन आग्रह
- राष्ट्रपतिले आज बिहान जेन–जीका प्रतिनिधिसँग छलफल गर्ने


राष्ट्रपति कार्यालय शीतलनिवासमा शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलको आह्वानमा बसेको सर्वदलीय बैठक। तस्बिरः रासस

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलको पहलमा पहिलोपटक दलहरूबीच पछिल्लो राजनीतिक परिवर्तनबारे छलफल भएको छ। शुक्रबार साँझ राष्ट्रपति कार्यालय शीतलनिवासमा भएको छलफलमा प्रधानमन्त्री सुशीला कार्कीसहित अधिकांश दलका नेताहरूको सहभागिता रह्यो।

छलफलमा राष्ट्रपति पौडेलले संविधानको रक्षाका लागि निर्वाचन एकमात्र विकल्प भएको उल्लेख गर्दै शान्ति सुरक्षाको आवश्यक प्रबन्ध गरी निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउने विश्वास आमनागरिकलाई दिलाउन सरकारलाई सुझाव दिए। राष्ट्रपति पौडेलले लोकतन्त्रको रक्षाका लागि सबै मिलेर निर्वाचन सम्पन्न गराउनुपर्ने धारणा राखेका थिए।

राष्ट्रपति पौडेलले निर्वाचनबारे राजनीतिक दलहरूमा कुनै द्विविधा वा अस्पष्टता भए बैठकमा राख्न आग्रह गरे। उनले निर्वाचनबाहेक अन्य विकल्प खोज्न थालिए 'देश कहाँ पुग्छ ?' भन्ने सोच्न आग्रह गरेका थिए। सबै राजनीतिक पार्टीले अन्योल सिर्जना नगरी जेन–जी समूहको माग पूरा गर्ने उद्देश्यसहित जनतामाझ जान उनले आग्रह गरेका थिए।

प्रधानमन्त्री कार्कीले राजनीतिक दलका नेताहरूलाई परिवर्तनलाई आत्मसात् गर्दै निर्वाचनमा भाग लिन आग्रह गरिन्। उनले दलहरूको सहभागिताविना निर्वाचन नहुने विषयमा सरकार जानकार रहेको प्रस्ट पारिन्। स्वतन्त्र निष्पक्ष र भयरहित निर्वाचन गराउन सरकारले शान्ति सुरक्षाको प्रबन्ध गर्ने प्रधानमन्त्री कार्कीले प्रतिबद्धता व्यक्त गरिन्।

बैठकमा प्रमुख दल नेपाली कांग्रेस र नेकपा एमालेले भने निर्वाचनमा जाने विषयमा शंका व्यक्त गरेका छन्। बैठकमा नेपाली कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगन थापा, नेकपा एम लेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महासचिव शंकर पोखरेल सहभागी थिए। कांग्रेस र एमालेका नेताहरूले आफ्नो दलको केन्द्रीय समितिको बैठकपछि यसबारे थप निर्णय आउने बताएका थिए। कांग्रेस आइतबारबाट केन्द्रीय समिति बैठक राखेको छ भने एमालेले असोज २९ गतेबाट केन्द्रीय कमिटी डाकेको छ।

जवाफमा प्रधानमन्त्री कार्कीले प्रमुख दलहरू नै निर्वाचनमा सहभागी नभए परिस्थिति अप्ठेरो पर्न सक्ने बताएकी थिइन्। 'तपाईंहरू सहभागी हुनु नभए घोषित मितिमा चुनाव नहुन सक्छ। त्यसपछि विषम् परिस्थिति आउँछ,' प्रधानमन्त्री कार्कीको भनाइ उद्धृत गर्दै शीतल निवास स्रोतले भन्यो।

प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको बताइन्। उनले निर्वाचनका लागि आवश्यक शान्ति सुरक्षाको प्रबन्ध सरकारले गर्ने विश्वास दिलाइन्। 'जेन–जी समूह हाम्रा छोरा, नाति भएकाले उनीहरूले किन आज यस्तो असन्तुष्टि व्यक्त गरे भन्ने बुझेर परिवर्तनलाई आत्मसात् गर्नुपर्छ, यहीअनुसार दलहरू अगाडि बढ्दा देश र जनताको हित हुन्छ,' कार्कीले भनिन्।

क्रमशः पृष्ठ २ मा

## एकतर्फी सञ्चालनमा आयो बिपी राजमार्ग

- राजमार्गको काभ्रे र सिन्धुलीका विभिन्न १३ ठाउँमा क्षति पुगेको करिब चार किलोमिटर सडकलाई अस्थायीरूपमा मर्मत गरी शुक्रबारदेखि एकतर्फी सञ्चालनमा ल्याइएको जानकारी
- राजमार्ग दुईतर्फी रूपमा आइतबारदेखि सञ्चालनमा आउने


तस्बिरः रासस

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत साता अविरल वर्षापछिको बाढीले बगाएको बिपी राजमार्ग शुक्रबार दिउँसोदेखि एकतर्फी रूपमा सञ्चालनमा आएको छ। असोज १७, १८ र १९ गतेको लगातारको वर्षासँगै आएको बाढीपहिरोका कारण उक्त राजमार्ग अवरुद्ध बनेको थियो। बागमती, मधेस र कोशी प्रदेशका जिल्लाहरूलाई जोड्ने यो राजमार्ग एकतर्फी सञ्चालनमा ल्याइएको हो।

राजमार्गको काभ्रे र सिन्धुलीका विभिन्न १३ ठाउँमा क्षति पुगेको करिब चार किलोमिटर सडकलाई अस्थायीरूपमा मर्मत गरी सञ्चालन गरिएको संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौंका प्रमुख शुभराज न्यौपानेले बताए। उनका अनुसार उक्त राजमार्ग दुईतर्फी रूपमा आइतबारदेखि सञ्चालनमा आउने छ।

सडक खुलाउन रोशी खोलामा डाइभर्सन निर्माण, बगर मिलाउने, खाल्डा पुर्नेलगायत काम गरिएको छ। क्षतिग्रस्त सडकको मर्मत सोमबारदेखि सुरु गरिएको थियो। बाढीपहिरोका कारण काभ्रेको चौकीडाँडामा सबैभन्दा बढी क्षति पुगेको थियो। साथै काभ्रेको कटुञ्जे, चारसयबेँसी, चिउरीबास, मंगलटार (बोक्सीकुना), कालढुंगा, पिप्ले (माथिल्लो), पिप्ले (तल्लो), मान्ती (माथिल्लो) र मान्ती (तल्लो)मा सडक क्षति पुगेको थियो। त्यसैगरी, सिन्धुलीको बालुवा, आँपघारी र नेपालथोक (झोलुंगे पुल)मा क्षति पुगेको न्यौपानेले जानकारी दिए।

रोशी खोलाको बाढीले रोशी क्षेत्रमा करिब चार किलोमिटर सडक कटान गरेको थियो। मंगलबारदेखि औपचारिकरूपमा डाइभर्सन निर्माण थालिएको हो। बाढीपहिरोले राजमार्गको १७ स्थानमा क्षति पुऱ्याएको थियो। सोही क्षेत्रमा गत वर्षको बाढीपहिरोले सडक क्षतिग्रस्त बनाएपछि डाइभर्सन बनाएर अस्थायीरूपमा सडक सञ्चालन हुँदै आएको थियो।

बिहीबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले क्षतिग्रस्त उक्त राजमार्गको विभिन्न खण्डको अवलोकन गरी छिटोभन्दा छिटो राजमार्ग सञ्चालन गर्नेगरी बनाइरहेको 'डाइभर्सन' निर्माण कार्यलाई तीव्र बनाउन सडक विभागका अधिकारीलाई निर्देशन दिएका थिए। घिसिङले रातको समयमा काम गरेर भए पनि शुक्रबार बेलुकासम्ममा यातायात सञ्चालन हुनेगरी कामलाई तीव्रता दिन भनेका थिए।

कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामा अघि बढाइरहेको थियो। पूर्वी नेपाल जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौं यातायातका साधन आवतजावत हुने गर्छन्।

## भेनेजुएलाकी मचाडोलाई नोबेल शान्ति पुरस्कार



**ओस्लो–** भेनेजुएलाकी विपक्षी नेत्री मारिया कोरिना मचाडोले शुक्रबार प्रतिष्ठित नोबेल शान्ति पुरस्कार जितेकी छन्। नर्वेजियन नोबेल समितिका अध्यक्ष जोर्गन वाटने फ्राइड्नेसले मचाडोलाई 'गहिरो रूपमा विभाजित राजनीतिक विपक्षमा साझा आधार फेला पार्ने एकीकृत र साहसी नेतृत्वको प्रतीक' भएको भन्दै सम्मानित गरे।

उनले भने, 'गत वर्ष मिस मचाडोलाई लुकेर बस्न बाध्य पारियो। उहाँको जीवनविरुद्ध गम्भीर खतराहरूका बावजुद, उहाँले देशमा रही लाखौंलाई प्रेरित गर्नुभएको छ। अधिनायकवादीहरूले सत्ता कब्जा गर्दा उठ्ने र प्रतिरोध गर्ने स्वतन्त्रताका साहसी रक्षकहरूलाई चिन्न महत्त्वपूर्ण हुन्छ।'

भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोको सरकारले गत वर्षको राष्ट्रपति चुनाव अघि मचाडोलाई अयोग्य ठहर गर्दै उनको चुनावी उम्मेदवारीलाई रोकेको थियो। उनलाई विस्थापित गरी एडमुण्डो गोञ्जालेजलाई उम्मेदवार बनाइएको थियो। यसअघिका निर्वाचनमा व्यापक दमन, मानवअधिकार उल्लंघन र गिरफ्तारीजस्ता चुनौतीहरू देखिएका थिए।

निर्वाचन परिषद्ले गोञ्जालेजलाई विजेता घोषणा गरेपछि देशभर विरोध प्रदर्शन भड्कियो। प्रदर्शनमा २० जनाभन्दा बढीको मृत्यु भएको थियो। यी विरोधहरूले भेनेजुएला र अन्य विदेशी राष्ट्रहरूबीच कूटनीतिक सम्बन्धमा तनाव सिर्जना गऱ्यो। मचाडो यस अवधिमा लुकेकी थिइन् र जनवरीदेखि सार्वजनिकरूपमा देखा परेकी छैनन्।

नोबेल समितिले प्रायः शान्तिको स्थायित्व, अन्तर्राष्ट्रिय भ्रातृत्व प्रवर्द्धन र सम्बन्धित संस्थाहरूको शान्त कार्यलाई सम्मान गर्दै पुरस्कार प्रदान गर्दछ। गत वर्षको पुरस्कार जापानी आणविक विष्फोटबाट बचेका निहोन हिडान्क्योलाई दिइएको थियो। उक्त संस्थाले आणविक हतियारको प्रयोगको वरिपरि रोक कायम राख्न दशकौंसम्म काम गरेको छ।

शान्ति पुरस्कार नर्वेको ओस्लोमा वार्षिकरूपमा प्रदान गरिन्छ। यसैबीच, स्विडेनको स्टकहोममा यस हप्ता चिकित्साशास्त्र, भौतिकशास्त्र, रसायनशास्त्र र साहित्यका पुरस्कारहरू वितरण भइसकेका छन् भने अर्थशास्त्रको पुरस्कार विजेताको घोषणा सोमबार हुने अपेक्षा गरिएको छ। *रासस/एपी*

## पृष्ठ १ बाट क्रमश:

## निर्वाचनबाहेकको...

भदौ २३ र २४ गतेको जेन-जी विद्रोहपछि बनेको सरकारले दलहरूसँग कुनै छलफल नगरी चुनावी कार्यतालिका सार्वजनिक गरेको भन्दै नेताहरू रुष्ट बन्दै आएका छन् । यसबारे प्रधानमन्त्री कार्कीले दलहरूसँग छलफल नगरेको नेताहरूको असन्तुष्टि सर्वदलीय छलफलमासमेत पोखिएको थियो । यस विषयमा कांग्रेस र एमालेका नेताहरूले प्रधानमन्त्री कार्कीलाई प्रश्न गरेका थिए ।

प्रधानमन्त्री कार्कीले भने राष्ट्रपति पौडेलकै सल्लाहअनुसार आफू अघि बढेको बताएकी थिइन् । नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीले भने घोषित निर्वाचनलाई जसरी पनि सफल पानुपर्ने धारणा राखेका थिए । माओवादी केन्द्रबाट बैठकमा वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, सचिव वर्षमान पुन सहभागी थिए । रास्वपाबाट कार्यवाहक सभापति डिपी अर्याल र सहमहामन्त्री वीपिन आचार्य सहभागी थिए ।

रास्वपाका कार्यवाहक सभापति डिपी अर्यालले देशबाहिर रहेका नेपालीहरूलाई मतदानमा जसरी पनि सहभागी गराउनुपर्ने माग अघि सार्दा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का ज्ञानेन्द्र शाहीले आफ्नो आठ बुँदे एजेण्डा प्रस्तुत गरेका थिए ।

बैठकमा सहभागी राजनीतिक दलका नेताहरूले लोकतन्त्रमा विश्वास गर्ने राजनीतिक दलहरू निर्वाचनमा जान सधैं तयार रहेको बताउँदै अहिलेको सुरक्षा व्यवस्थाले निष्पक्ष र स्वतन्त्र वातावरणमा निर्वाचन हुने विषयमा संशय पैदा भएको बताएका थिए । यो शंका र संशय हटाएर निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने विश्वास दिलाउन सरकारले सक्नुपर्ने कांग्रेस एमालेका नेताहरूको माग थियो ।

बैठकमा नेकपा एकीकृत समाजवादीबाट उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव धनश्याम भुषाल सहभागी थिए भने जनता समाजवादी पार्टीबाट रेनु यादव, जसपा नेपालबाट विद्युत् बज्रचार्य र प्रकाश अधिकारी, जनमत पार्टीबाट चन्द्रकान्त राउत र डा. जयकुमार राउत, लोकतान्त्रिक समाजवादी पार्टीबाट ज्ञानेन्द्र झा र सर्वेन्द्रनाथ शुक्ला, नागरिक उन्मुक्ती पार्टीबाट रेशम चौधरी र नेपाल मजदुर किसान पार्टीबाट सुनिल प्रजापति सहभागी थिए ।

बैठकपछि संक्षिप्त प्रतिक्रिया दिँदै सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री जगदीश खरेलले देश निर्वाचनतर्फ अघि बढेको दावी गरे । 'दलहरूले निर्वाचनमा सहभागी हुन्न भन्ने कुरा आएन । अब देश निर्वाचनतर्फ अघि बढ्यो,' प्रवक्ता खरेलले भने ।

राष्ट्रपति पौडेलले जेन-जी समूहसँग भने आज शनिबार छलफल गर्ने भएका छन् । शनिबार बिहान ९ बजे जेन-जी प्रतिनिधिहरूसँग छलफल राखिएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले बताए । छलफलमा प्रधानमन्त्री कार्कीसमेत सहभागी हुने कार्यतालिका रहेको छ ।

■■■

## जेन-जी...

फरार आकाशसहितलाई बाँकी कैद भुक्तान गर्नका लागि कारागार व्यवस्थापन विभागले फर्किनु भन्दै चेतावनीपूर्ण सूचना जारी गरेको थियो । तर, आकाश फर्किएनन्, अझ हत्याजस्तो गम्भीर फौजदारी अपराधमा संलग्न रहेको आरोप लाग्यो ।

यसअघि कारागारबाट फरार काभ्रेको पनौतीका सन्तबहादुर तामाङले ३० वर्षीया श्रीमती मनिषाको हत्या गरेको खुलेको थियो । सन्तबहादुर बलात्कार मुद्दाका आरोपी हुन् । २४ भदौमै कारागारबाट फरार उनले घर गएर श्रीमती मनिषाको हत्या गरेको खुलेको थियो ।

परपुरुषसँग सम्बन्ध रहेको आशंकामा उनले श्रीमतीको हत्या गरेको पाइएको काभ्रे प्रहरीले जनाएको थियो । हत्यापछि उनी कारागार फर्किएका थिए । त्यसबेलासम्म मनिषाको हत्या घटना भने सार्वजनिक भएको थिएन । प्रारम्भिक अनुसन्धानपछि प्रहरीले फरार भएको नौ दिनमा सन्तबहादुरले नै मनिषाको हत्या गरेको पाइएको जनाएको थियो । मनिषाको शव भने तरकारी बारीमा गाडिएको अवस्थामा फेला परेको थियो ।

यी दुई त हत्या घटना भए । अन्य अपराधको जोखिम उत्तिकै रहेको नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल बताउँछन् । उनका अनुसार फरार कैदीहरूका कारण समाज निकै त्रस्त छ । छिटोभन्दा छिटो उनीहरूलाई नियन्त्रणमा लिन प्रहरी थप सक्रिय हुनुपर्ने उनको भनाइ छ ।

'जेलमा राख्दा फेरि अपराध गर्दैनन् भन्ने हुँदैन, कतिपयले गर्छन्, ठमेल र पनौती घटनाले पनि त्यो पुष्टि गर्‍यो,' उनले प्रभावसँग भने, 'र, अहिले समाज त्रस्त छ । अझ मुद्दाको पक्ष डराएको देखिन्छ, त्यो हुनाले उनीहरूलाई जतिसक्दो छिटो नियन्त्रणमा लिनुपर्छ ।'

कागारार व्यवस्थापन विभागका अनुसार अझै फरार भएका कैदीहरूको संख्या पाँच हजार बढी छ । करिब १० हजार कैदी कारागारमै फर्किएका छन्, त्यसमध्ये केही पक्राउ परेका र केही भने आफैं फर्किएका हुन् । देशभरका विभिन्न कारागारबाट २४ भदौमा झण्डै १५ हजार कैदी फरार भएका थिए । फरार हुनेमा बाल सुधार गृहमा रहेकाहरू पनि थिए । कतै आगजनी र कतै भने तोडफोड गरेर कैदीहरू फरार भएका थिए ।

## अवैतनिक महावाणिज्यदूतले प्रयोग गर्ने नीलो नम्बर प्लेट खारेज

**काठमाडौं (प्रस)–** सरकारले नेपालस्थित विदेशी मुलुकले नियुक्त गरेका अवैतनिक महावाणिज्यदूत (कन्सुलेट जनरल)ले प्रयोग गर्ने सवारीसाधनलाई प्रदान गरिएको नीलो नम्बर प्लेट खारेज गरेको छ ।

अवैतनिक कन्सुलेट जनरलसम्बन्धी अन्तरराष्ट्रिय कानुन, पारस्परिकता, अवैतनिक वाणिज्यदूतसम्बन्धी नियमावली, २०३९, हालको प्रचलनबमोजिम शुक्रबार यो निर्णय लिइएको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ । नेपालमा हाल ६७ वटा अवैतनिक महावाणिज्यदूत रहेकामा ५० वटाले यो सुविधा लिएका थिए ।

साथै, नीलो नम्बर प्लेटका सवारीसाधनको दुरूपयोग भएको भन्ने गुनासोसमेतका आधारमा सरकारले यो निर्णय गरेको मन्त्रालयको भनाइ छ । हाल प्रयोगमा रहेका नीलो नम्बर प्लेट भएका सवारीसाधनलाई निजी सवारीसाधनमा परिवर्तन गरिने र यस विषयमा परराष्ट्र मन्त्रालयबाट सम्बन्धित निकायसँग यस निर्णयको कार्यान्वयनका लागि आवश्यक समन्वय हुने जानकारी दिइएको छ ।

अवैतनिक कन्सुलेट जनरलले तोकिएको कन्सुलर क्षेत्रभित्र नेपालको राष्ट्रिय दिवस समारोह, सम्बन्धित (नियुक्ति दिने) मुलुकको राष्ट्रिय दिवस समारोह, सम्बन्धित मुलुकको राष्ट्र प्रमुख/सरकार प्रमुख र परराष्ट्रमन्त्री नेपाल भ्रमणमा रहेको समयमा सरकारी भेटघाट र स्वागत तथा बिदाइ र नेपालको लागि सम्बन्धित मुलुकको राजदूतको नेपाल भ्रमणको अवसरमा सम्बन्धित मुलुकको राष्ट्रिय झण्डा प्रयोग गर्न पाउने व्यवस्था भने यथावत् रहने छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०६/२५**

यस कम्पनीको मिति २०८२/०५/३१ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **टिम रियल स्टेट कम्पनी**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टिम टचुरिजम एण्ड हस्पिटालिटी (दर्ता नं. २७०१८३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०५/०१ मा दर्ता भएको प्रा.लि.नं. २२१५९८ को **सिद्धेश्वर महादेव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/१२/२२ मा दर्ता भएको **प्रा. लि. नं. २८८५०८** को **शे. गुम्बा यातायात प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### बिमालेख हरायो

मिति २०८२/०५/१८ गते महालक्ष्मीस्थान इमाडोलबाट पाटनढोका जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**विमितको नाम : सन्दिरा साह**
**प्रस्तावकको नाम : मनोज साह**
**ठेगाना : इमाडोल, ललितपुर**
**बिमालेख नं.: १००१२०३०५**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१०६१२४७**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६५/१०/०२ मा दर्ता भएको **प्रा. लि. नं. ५९५७१** को **युवा बिजनेश प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**साउदीमा रोजगार** कम्पनी : THIQAT AL BANAYAT LIMITED COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२३ LT. No. 332140 चलानी नं.६०२४५८५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 18 | 0 | 1000 | ३८,०११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81
AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

**कतारमा रोजगार** कम्पनी : AL SULAIMAN JEWELLERS

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ LT. No. 332209 चलानी नं. ६०२४५९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Jeweler | 2 | 0 | 1500 | ५८,२२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Jewellery Salesman | 0 | 1 | 1500 | ५८,२२१ | | | | | | | |
| 3 | Watches Salesman | 1 | 1 | 1500 | ५८,२२१ | | | | | | | |
| 4 | Watches Salesman | 3 | 0 | 1500 | ५८,२२१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

**साउदीमा रोजगार** कम्पनी : ZAKHRAF AL JAMAL DECORATION ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/04/१६ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०६/२४ LT. No. 328016 चलानी नं. ६०२४५८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 2 | 0 | 1200 | ४५,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

**साउदीमा रोजगार** कम्पनी : HIGH DAM GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ LT. No. 332090 चलानी नं. ६०२४५८७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | High Dam General Contracting Company | 3 | 0 | 1000 | I | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**साउदीमा रोजगार** कम्पनी : DAR ALBALAD FOR CONTRACTING AND OPERATION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ LT. No. 332183 चलानी नं. ६०२४५८४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 4 | 0 | 1000 | ३८,०११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

**जापानमा रोजगार** कम्पनी : TMJ COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०६/२३ LT. No. 332118 चलानी नं. ६०२४५८४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTROPLATING | 3 | 0 | 193094 | १,८०,४७० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ८०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. 267/058/059
Kupondole, Kandevthasthan, Lalitpur, Nepal, Tel: +977 5010657/5010658, Mob: +977-9709080607/ +977-9709073655/ +977-9709080637/ +977-9709080617/ +977-9851110257, Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**शनिबार, २५ असोज, २०८२**

| | |
|---|---|
| **मेष** | उत्सावर्द्धक, प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **वृष** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **मिथुन** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **कर्कट** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **सिंह** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **कन्या** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **तुला** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **वृश्चिक** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **धनु** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **मकर** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **कुम्भ** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **मीन** | उतारचढावमा समय व्यतित हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२५ असोज , २०८२ (११ अक्टोबर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४१.७८ | १४२.३८ |
| युरो | १ को | १६४.८८ | १६५.५८ |
| पाउन्ड स्टर्लिङ | १ को | १९०.०४ | १९०.८५ |
| स्विस फ्रैन्क | १ को | १७७.२७ | १७८.०२ |
| अस्ट्रेलियन डलर | १ को | ९३.१८ | ९३.५७ |
| क्यानाडियन डलर | १ को | १०१.६५ | १०२.०८ |
| सिङ्गापुर डलर | १ को | १०९.४३ | १०९.८९ |
| जापानी येन | १० को | ९.२९ | ९.३३ |
| चिनियाँ युआन | १ को | १९.९१ | २०.०० |
| साउदी अरब रियाल | १ को | ३७.८० | ३७.९६ |
| कतारी रियाल | १ को | ३८.९० | ३९.०६ |
| थाई भाट | ख १ को | ४.३६ | ४.३८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.६० | ३८.७६ |
| मलेसियन रिङेट | १ को | ३३.६३ | ३३.७७ |
| दक्षिण कोरियन वन | १०० को | ९.९५ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १५.०४ | १५.११ |
| डेनिस क्रोनर | १ को | २२.०८ | २२.१७ |
| हङकङ डलर | १ को | १८.२२ | १८.३० |
| कुवेती दिनार | १ को | ४६४.०९ | ४६६.०६ |
| बहराइन दिनार | १ को | ३७६.०६ | ३७७.६६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**जरायो नाच** | मुस्ताङको घरपझोङ गाउँपालिका–३ स्याङस्थित टसी ल्हाखाङ गुम्बामा 'ध्योक्योप' अन्तर्गत शुक्रबार लामाहरूबाट मुकुट पहिरिएर जरायो नाच प्रदर्शन गर्दै । *तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# तिहारमा फूल बेच्न तोकियो ३२ स्थान, विदेशी फूल बेच्न नपाइने

■ प्रभाव संवाददाता



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले तिहारमा विदेशबाट आयात गरिएको फूलमाला बिक्री वितरणमा रोक लगाएको छ । महानगर प्रहरी बलले शुक्रबार यहाँ पत्रकार सम्मेलन गरी नेपाली किसानलाई प्रोत्साहन गर्नका लागि विदेशबाट आयात गरिएका फूलमाला प्रतिबन्ध गराउने निर्णय गरेको जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा महानगर प्रहरी बलका प्रमुख, नगर प्रहरी वरिष्ठ उपरीक्षक राजुनाथ पाण्डेले स्वदेशमा उत्पादित फूलको प्रयोगलाई बढाउनका लागि महानगरले आगामी कात्तिक १ देखि ६ गतेसम्म ३२ स्थानमा फूल बिक्री केन्द्र स्थापना गरेको जानकारी दिए । 'अवैध रूपमा विदेशबाट आयात गरिएका फूल बिक्रीमा प्रतिबन्ध लगाउनु र स्वदेशमा उत्पादित फूलको प्रयोगलाई बढाउनु नै हाम्रो उद्देश्य हो, अवैधरूपमा विदेशबाट आएका फूललाई महानगरपालिकाले जफत गर्ने छ,' उनले भने ।

महानगरपालिकाले काठमाडौंको नयाँबानेश्वरस्थित एनवी सेन्टर, शंखमुलको बिग मार्ट, नयाँ बानेश्वरको आइप्लेक्स मल, मध्यबानेश्वरको सेल्सबेरी, बत्तीसपुतलीको फोनेक्स टावर, तीनकुनेचौर, सिफल चौर, चाबहिलको एसी कम्लेक्स, चाबहिल गणेशस्थान, केएल टावर, चाबहिल सेन्टर अगाडि, स्वयम्भूको धर्मचक्र पार्क, कालिमाटी ब्यांक्वेट, कालिमाटी धौखेलबाट बिक्री वितरण गरिने छ ।

यस्तै, कलंकीको भाटभटेनी, नयाँबजारको भ्याली कोल्ड स्टोर्स, माछापोखरीको बुद्ध मल, नयाँबसपार्क पुल, हाँडीगाउँको गणेश मन्दिर, सामाखुसीको कोइराला मार्ट, महाराजगञ्जको सेल्सबेरी, गोंगबुको बिग मार्ट, बालुवाटारको बिग मार्ट, पुतलीसडकको स्टार मल, अनामनगरको भाटभटेनी, सुन्धाराको काठमाडौं मल, पुरानो बसपार्क, पुतलीसडकको न्युप्लाजालगायतका स्थानबाट बिक्रीवितरण हुने महानगर प्रहरी प्रमुख पाण्डेले बताए ।

त्यस अवसरमा नेपाल चेम्बर अफ कमर्सका कृषि, वन तथा जडीबुटी समितिका सभापति कृष्णमान श्रेष्ठले स्वदेशी फूल स्वदेशमा प्रयोग गर्ने मुख्य उद्देश्यका साथ विगत तीन वर्षदेखि काठमाडौं महानगरपालिकाको समन्वयमा नेपाली फूललाई प्रोत्साहन गरिँदै आएको बताए ।

नेपाल फ्लोलिकल्चर एसोसिएसनका अध्यक्ष राजेशभक्त श्रेष्ठले कृषक र राज्यलाई समृद्ध बनाउनका लागि महानगरले लिएको नीतिलाई कार्यान्वयनका लागि एसोसिएसनले सहयोग गर्ने बताए ।

एसोसिएसनले नेपाली फूललाई प्रोत्साहन गर्नका लागि आगामी असोज २९ देखि कात्तिक २ गतेसम्म १८औं गोदावरी फूल प्रतियोगिताको आयोजना गर्न लागेको जानकारी दिए । एसोसिएसनले हाल काठमाडौं उपत्यकामा तिहारका लागि ४० लाख माला खपत हुने अनुमान गरेको छ । नेपालमा उत्पादित फूलले नेपालको बजार धान्नसक्ने एसोसिएसनले जानकारी दिएको छ ।

# जापनिज इन्सेफ्लाइटिस संक्रमण बढ्यो, देशभर ३१ जनाको मृत्यु

**काठमाडौं (प्रस)–** जापनिज इन्सेफ्लाइटिस संक्रमणबाट यस वर्ष देशभर ३१ जनाको मृत्यु भइसकेको छ । नेपालमा १० वर्षको तुलनामा जापानिज इन्सेफ्लाइटिसको संक्रमणबाट मृत्यु हुनेको संख्या अहिलेसम्मको सबैभन्दा धेरै रहेको स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले जानकारी दिए ।

जापनिज इन्सेफ्लाइटिसबाट सन् २०२४ मा २५, सन् २०२३ मा सात र सन् २०१७ मा एक जनाको मात्र निधन भएको थियो । सन् २०१८ देखि २०२२ सम्म जापानिज इन्सेफ्लाइटिसबाट कसैको पनि मृत्यु भएको थिएन । 'विगत १० वर्षको तुलनामा अहिले मृत्यु हुनेको संख्या धेरै हो,' उनले भने, 'मृत्यु हुनेमा खोप नलगाएका ४० वर्षभन्दा माथिका रहेका छन् ।'

उनका अनुसार यस वर्ष जापानिज इन्सेफ्लाइटिस संक्रमण १६४ र गत वर्ष ८६ जनामा देखिएको थियो । खोप शाखा प्रमुख डा. गौतमले खोप लगाएकामा विस्तारै खोपले काम गर्न छाडेपछि पनि संक्रमणले गर्दा मृत्यु भइरहेको बताए । जापनिज इन्सेफ्लाइटिस अहिले ४२ जिल्लाका ११० पालिकामा फैलिएको छ ।

'विगतको तथ्यांक हेर्दा जापनिज इन्सेफ्लाइटिसको संक्रमण बढ्दै गइरहेको छ,' उनले भने, 'लामखुट्टे सक्रिय भएर हो कि, सुँगुर वा हाँसको पालनले गर्दा हो त्यसको अध्ययन हामीले गरिरहेका छौं ।' उनका अनुसार यस वर्ष कोशी प्रदेशमा चार, मधेस प्रदेशमा तीन, बागमती प्रदेशमा पाँच, गण्डकी प्रदेशमा पाँच, लुम्बिनी प्रदेशमा ११, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा दुई गरी ३१ जनाको मृत्यु भएको छ ।

इन्सेफ्लाइटिसबाट २८ जिल्ला उच्च जोखिमका रहेका छन् । यो रोग विशेषगरी साउनदेखि कात्तिकसम्म बढी देखिन्छ । नेपालमा ८२ प्रतिशत बालबालिकालाई जापानिज इन्सेफ्लाइटिसविरुद्धको खोप लगाइएको छ । नेपालमा सन् १९९८ देखि वर्ष मुनिका बालबालिकालाई नियमित जापानिज इन्सेफ्लाइटिसविरुद्धको खोप लगाइँदै आइएको छ । नेपालमा सन् १९७८ मा पहिलोपटक रूपेन्देहीमा जापानिज इन्सेफ्लाइटिस रोग देखिएको हो । जापानमा भने सन् १८६१ मा देखिएको थियो । खोप शाखा प्रमुख डा. गौतमले जापनिज इन्सेफ्लाइटिसको संक्रमण सन् १९९० देखि धेरै नै देखिन थालेको बताए । त्यसपछि सरकारले राष्ट्रिय खोपमा इन्सेफ्लाइटिसविरुद्धको खोप पाँच वर्ष मुनिका बालबालिकालाई प्रत्येक वर्ष नियमित दिँदै आएको हो ।

# हात्ती धपाउन झापामा विशेष गस्ती

**झापा (प्रस)–** बाहुनडाँगी क्षेत्रमा धान पाक्ने समय नजिकिएसँगै सीमावर्ती भारतीय जंगलबाट हात्तीको हुल आउने जोखिम बढेसँगै डिभिजन वन कार्यालयले विशेष गस्ती टोली परिचालन गरेको छ ।

डिभिजन वन कार्यालयका प्रमुख भरतबाबु श्रेष्ठका अनुसार सशस्त्र वन रक्षकको नेतृत्वमा छ जनाको टोली असोज ८ गतेदेखि सो क्षेत्रमा परिचालन भएको छ । किसानले धान नभित्र्याएसम्म टोली निरन्तर गस्तीमा रहने छ । विगतका वर्षमा हात्तीको हुलले बाहुनडाँगी क्षेत्रको बाली सखाप पारेका थिए । विगत दुई दशकमा हात्तीको आक्रमणमा परी झापामा ७५ जनाले ज्यान गुमाएका छन् भने विभिन्न कारणले २५ वटा हात्तीको मृत्यु भएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०५६/११/०६ मा दर्ता भएको **प्रा.लि. नं. १२१९९** को **रिसोर्सेस फेशन्स प्रा.लि**. नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/०४/३० मा दर्ता भएको **प्रा. लि. नं. ४१०६८** को **कलश ट्रेडिङ्ग प्रा. लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०४/२७ मा दर्ता भएको **प्रा. लि. नं. २६७६४७** को **म्याड मञ्च फास्ट फुड प्रा. लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह**
**शान्तिनगर गाउँपालिका वडा नं.४**
**गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**
**प्रथम पटक प्रकाशन मिति २०८२/०६/२५ गते**

श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गाउँपालिका वडा नं.४, जुम्लेकुला, दाङको वनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं.४, जुम्लेकुला, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल र जामुन जातको गोलिया काठ थान ६९२ को २९५७.२४ घ.फि.साल दाउरा १०.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून वमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

अध्यक्ष

**साउदीमा रोजगार** कम्पनी : ALFAW FOR OPERATION AND MAINTENANCE COMPANY LIMITED
पूर्व स्वीकृति मिति : २०८२/०३/११ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०६/२४ LT. No.326219 चलानी नं. ६०२०१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 7 | 0 | 1000 | ३८,०११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MANJUSHREE OVERSEAS SERVICE PVT. LTD.
Baluwatar, Kathmandu,Nepal, Tel: 01-4546052,
Email : info@manjushreeoverseas.com.np,Web: www.manjushreeoverseas.com.np
423/060/061

प्रभाव दैनिक

रूपशाला

शनिबार, २५ असोज २०८२ (Saturday, 11 October 2025)

### अभिनेता केसी बिरामी

अभिनेता अनमोल केसी बिमारी परेका छन् । केही दिनदेखि उनलाई ज्वरोले सताएको छ । ज्वरोका कारण उनी केही दिनदेखि घरमा आराम गरिरहेको उनका बुबा भुवन केसीले जानकारी दिएका छन् । भुवनका अनुसार उनलाई बिहीबार स्वास्थ्य जाँचका लागि अस्पताल पनि लगिएको थियो । तर पनि उनको ज्वरो घट्न सकेको छैन ।



# तिहारमा सार्वजनिक हुँदै 'ऐना'




■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक कृशा चौलागाईंले निर्देशन गरेको नयाँ छोटो चलचित्र 'ऐना' यस वर्षको तिहारमा रिलिज हुने भएको छ । निर्माण पक्षले युएनए डिजिटल युट्युब च्यानलमार्फत उक्त चलचित्र सार्वजनिक गर्न लागेको हो । केपी फिल्म्सको ब्यानरमा निर्माण गरिएको यस चलचित्रको मुख्य भाव 'जीवनको प्रतिबिम्ब' रहेको निर्देशक चौलागाईले बताइन् ।

उनले भनिन्, 'ऐना' केवल दर्पण होइन, यो हाम्रो आत्मा र जीवनको कथा हो । प्रत्येक अनुहार र प्रत्येक क्षणमा एउटा कथा लुकेको हुन्छ – यही नै यस चलचित्रको सार हो ।'

चलचित्र 'ऐना' ले तिहारको उज्यालो, आत्मचिन्तन र माया-संबन्धको गहिरो भावनालाई कलात्मक ढङ्गमा चित्रण गरेको बताइएको छ । चलचित्रले दर्शकलाई आफ्नै जीवन र समाजको प्रतिबिम्ब देखाउने प्रयास गरेको छ ।

यस छोटो चलचित्रमा भोलाराज सापकोटा र सरिता गिरीको सशक्त र यथार्थपरक अभिनय देख्न सकिनेछ । उनीहरूको संवेदनशील प्रस्तुतीले दर्शकको मन छुने विश्वास निर्माण पक्षको छ । चलचित्रको सम्पादन भूपेन्द्र अधिकारीले गरेका छन् ।

केपी फिल्म्सको प्रस्तुतिमा निर्माण गरिएको हो र युएनए डिजिटलमार्फत विश्वव्यापी रूपमा प्रदर्शन गरिनेछ । निर्देशक चौलागाईं यसअघि ' पिताम्बर', 'ऐन्चो पैंचो' जस्ता सफल चलचित्र निर्देशन गरिसकेकी छिन् । उनी फिल्म निर्देशनमा आउनु अगाडि निर्माताका रूपमा परिचित थिइन् ।

# 'जेरी अन टप'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** अनमोल केसी अभिनित चलचित्र 'जेरी अन टप'को ट्रेलर सार्वजनिक भएको छ । शुक्रबार ललितपुरमा आयोजित एक कार्यक्रममा ट्रेलर सार्वजनिक गरिएको हो ।

ट्रेलरमा अभिनेता अनमोल, अभिनेत्री जसिता गुरुङ, आँचल शर्मा, भुवन केसी लगायत देखिएका छन् । ट्रेलरमा हेर्दा चलचित्र सगरमाथा आरोहण र यात्राको क्रममा हुने प्रेमकथामा बनेको अनुमान गर्न सकिन्छ । ट्रेलरले अनमोल जसिता र आँचल दुवैको प्रेममा रहेको अनुमान गर्न सकिन्छ ।

यही असोज ३१ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म सुयोग गुरुङले निर्देशन गरेका हुन् । फिल्ममा अनमोल, आँचल र जसिताको अलवा केदार घिमिरे ' माग्नेबुढा', भुवन केसी, उषा खड्गीलगायत कलाकारको अभिनय छ । अभिनेत्री सुरक्षा पन्त पनि विशेष भूमिकामा छिन् । सरोज न्यौपानेको प्रस्तुति रहेको फिल्मको निर्माणमा न्यौपानेसँग रोविन शेरचन, रामकृष्ण श्रेष्ठ र दीपक भण्डारीले साझेदारी गरेका छन् । फिल्मको कथा हेमराज बिसीको भने विश्वास तिम्सिनाको पटकथा छ ।



अनुराधा गिरी र इश्वर श्रेष्ठ फिल्मको कार्यकारी निर्माता हुन्, भने एसोसिएट निर्मातामा नविन घिमिरे, विवेक थापा र भविष्य खड्का रहेका छन् । फिल्मको छायाङ्कन दुलिप रेग्मीले गरेका हुन् भने सम्पादन निमेष श्रेष्ठको रहेको छ ।

# सोल्टिनीको नयाँ गीत 'नौलाख तारा'

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी कार्तिक ६ गते भाइटिकाको दिन प्रदर्शनमा आउने चलचित्र 'सोल्टिनी'को नयाँ गीत 'नौलाख तारा' सार्वजनिक गरिएको छ ।

गीतमा झुमा लिम्बु, सुनिता थेगिम र प्रशान्त सिवाकोटीको स्वर, प्रशान्त सिवाकोटीकै शब्द तथा संगीत छ । गीतको सङ्गीत संयोजन देवेश राईले गरेका हुन् ।

गीतको भिडियोमा चलचित्रका मुख्य पात्र प्रकाश सपुत र परीक्षा लिम्बुबिचको प्रेम, पारिवारिक तथा सामाजिक अड्चनलाई देखाइएको छ ।



'सोल्टिनी'लाई अर्जुन सुवेदीले निर्देशन गरेका हुन् । प्रकाश सपुत र परीक्षा लिम्बुको अलवा सुन्दर धिताल, सब्बु गुरुङ, सुजन खतिवडा, विल्सन विक्रम राई, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा र कविता आलेलगायत कलाकारको अभिनय फिल्ममा छ ।

धरानका मेयर हर्क साम्पाङ नेतृत्वको 'हर्क साम्पाङ रिभोलुसन एन्ड द टिम'कार्यकारी निर्माताका रूपमा संलग्न फिल्म इलाम, कन्याम, बिर्तामोड, पथरी र भोजपुरलगायतका रमणीय स्थलमा छायाङ्कन गरिएको हो ।



**आइसिसी टी-२० विश्वकप एसिया एन्ड इस्ट एसिया प्यासिफक छनोट**

# गुल्सनको सानदार प्रदर्शनसहित जापानविरुद्ध नेपाल विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल समूह विजेताका रूपमा आइसिसी ट्वान्टी-२० विश्वकप एसिया एन्ड इस्ट एसिया प्यासिफक छनोटको सुपर सिक्समा प्रवेश गरेको छ । ओमानको अल अमेरतस्थित ओमान क्रिकेट एकेडेमी टर्फ-१ मा शुक्रबार सम्पन्न समूह 'बी' अन्तर्गतको अन्तिम खेलमा नेपालले जापानविरुद्ध पाँच विकेटको जित दर्ता गऱ्यो ।

लगातार दोस्रो जितसँगै नेपालले दुई खेलमा चार अंक जोड्यो । पराजित जापान पनि समान खेलबाट दुई अंकका साथ उपविजेताका रूपमा अगाडि बढ्यो ।

सुपर सिक्समा नेपालको दुई अंक रहनेछ । यसअघि दुवै टोलीले कुवेतलाई पराजित गरेका थिए । जापानले प्रस्तुत गरेको १३२ रनको लक्ष्य नेपालले १८ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो ।

नेपालका लागि आसिफ शेखले ३८, गुल्शनकुमार झाले अविजित २८, कुशल भुर्तेलले २१, कप्तान रोहितकुमार पौडेलले १८ र दीपेन्द्रसिंह ऐरीले अविजित १४ रन बनाए ।

जापानका लागि शोम स्लाटले दुई तथा सबौरिश रविचन्द्रन र डेक्लन सुजुकी म्याककोम्बले समान एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको जापानले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १३१ रनको योगफल तयार पारेको थियो । जापानका लागि कप्तान केन्डल काडोवाकी फ्लेमिङले ४६ बलमा पाँच चौका र तीन छक्काको मद्दतले सर्वाधिक ६० रनको योगदान गरे । यसैगरी इसाम रहमानले ३१ र बेन्जामिन इटो डेभिसले १७ रन बनाए ।

दोस्रो विकेटका लागि फ्लेमिङ र रहमानबीच ८६ रनको साझेदारी भएको थियो । नेपालका लागि गुल्शनकुमार झा र सन्दीप लामिछानेले समान दुई तथा सोमपाल कामी र नन्दन यादवले समान एक विकेट लिए ।

**यू-१७ एएफसी एसियन कप छनोट**

# नेपाली फुटबल टोलीको बिदाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा) ले थाइल्यान्डमा हुने एएफसी यु-१७ महिला एसियन कप छनोट खेल्न जाने नेपाली टोलीको बिदाइ गरेको छ ।

शुक्रबार एन्फा मुख्यालयमा आयोजित बिदाई कार्यक्रममा एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ, महासचिव किरण राई, उपाध्यक्ष दावा लामा, सिइओ इन्द्रमान तुलाधर, तथा सदस्यहरू मनिष जोशी, सरिला श्रेष्ठ पुरुषोत्तम थापा, विकास नारायण श्रेष्ठ र टिकाराम लामालगतयतको उपस्थिति थियो ।

समूह 'एफ'मा रहेको नेपालले अक्टोबर १५ मा तुर्किमिनिस्तान र १७ मा थाइल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ । सिंगल राउन्ड रोविन पद्धत्तिको प्रतिस्पर्धापछि समूहको शीर्ष स्थानमा रहने टोलीले अर्को वर्ष चीनमा हुने एसियन कपको १०औं संस्करणमा स्थान बनाउने छ ।



**नेपाली टोली**

**गोलकिपर**: झरना डुम्राकोटी, लक्ष्मी ओली, भूपिका शाही
**रक्षक**: दीक्षा रायमाझी, अलिजा कुमारी बिक, ग्यान्सु डोल्मा लो, सम्झना चन्द, पूर्णिमा ताडी, अनु माझी, मिनमाया श्रेष्ठ, अन्सु बिक
**मिडफिल्डर**: रवीना बिक, कृतिशा तामाङ, आशिका कार्की, सहारा लिम्बु, बबतिका कार्की, भूमिका बुढाथोकी, आयुषा रेउले, सृजना बडुवाल
**फरवार्ड**:अस्मिता मगर, पूजा गिरी, यमकुमारी बिक, अनिता रानामगर

# नेपथ्य इगल्स र रामापुर रिभाइभलियन्स विजयी

■ प्रभाव संवाददाता

**रूपन्देही–** तिलोत्तमा क्रिकेट लिगको दोस्रो दिन रोमाञ्चक प्रतिस्पर्धा बीच नेपथ्य इगल्स र द रामापुर रिभाइभलियन्सले जित दर्ता गरेका छन् । तिलोत्तमा-१७ स्थित एक्स्ट्राटेक ओभल मैदानमा बिहीबार सम्पन्न खेलमा नेपथ्य इगल्सले पी टु के डी स्क्वाडलाई ८० रनले पराजित गर्दै सानदार प्रदर्शन गरेको छ ।

टस हारेर ब्याटिङमा आएको नेपथ्य इगल्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १२९ रनको चुनौतीपूर्ण लक्ष्य प्रस्तुत गरेको थियो । इगल्सका सन्दीप बाँनियाले २५ रन, कामरान अहमदले १६ रन र अब्दुल साउद खानले १५ रनको योगदान दिए । बलिङतर्फ पी टु के डी स्क्वाडका समीर यादवले ३ विकेट, शशिधर टण्डन र सागर भण्डारीले समान २/२ विकेट लिए ।

१२९ रनको लक्ष्य पछ्याउन ओर्लिएको पी टु के डी स्क्वाडको पारी भने पूर्णरूपमा धराशायी भयो । टोलीका कुनै पनि ब्याटर दोहोरो अंकमा पुग्न सकेनन् र सम्पूर्ण टिम ४८ रनमै समेटियो । इगल्सका प्रेमसागर यादव, कामरान अहमद र लक्ष्मण कुमालले समान २/२ विकेट लिँदै विपक्षी टिमलाई सस्तैमा समेटे । उत्कृष्ट प्रदर्शनका लागि प्रेमसागर यादव गेम चेन्जर र कामरान अहमद म्यान अफ द म्याच घोषित भए । यसैगरी, दोस्रो खेलमा द रामापुर रिभाइभलियन्सले खेलासिकी ओर्कासलाई ५ विकेटले पराजित गर्दै जित हात पारे । टस जितेर ब्याटिङ रोजेको खेलासिकीले २० ओभरमा ६ विकेट गुमाएर मात्र ५३ रनको झिनो लक्ष्य प्रस्तुत गरेको थियो । टोलीका जावेद खानले १५ रन, कृष्ण विक र सुशान्त सुवेदीले समान १०/१० रन जोडे । बलिङतर्फ रिभाइभलियन्सका आयन खान र फैजान खानले समान २/२ विकेट लिए ।

५४ रनको लक्ष्य पछ्याउने क्रममा रामापुर रिभाइभलियन्सले ५ विकेट गुमाउँदै सहज जीत हासिल गऱ्यो । सुसान्त थापाले १८ रन र आयन खानले नटआउट ७ रन बनाए । खेलासिकीका शोयब हसनले ४ विकेट लिए पनि टोलीलाई जीत दिलाउन सकेनन् । खेलमा फैजान खान गेम चेन्जर र आयन खान म्यान अफ द म्याच घोषित भए ।



गाजासँगको इजरायली सीमामा देखिएका इजरायली सैन्य सवारी साधनहरू । स्थानीय समयअनुसार शुक्रबार दिउँसो १२:०० बजे गाजा पट्टीमा इजरायल र हमासबीच युद्धविराम सम्झौता लागू भएको छ । *तस्बिर: सिन्हवा*

# इजरायली सरकारले अनुमोदन गऱ्यो गाजामा बन्धक मुक्त गर्ने सम्झौता



**जेरुसेलम–** इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुको कार्यालयले शुक्रबार सरकारले हमाससँग बन्धक मुक्तिको सम्झौतालाई अनुमोदन गरेको बताएको छ । यो सँगै दुवै पक्ष गाजामा दुई वर्षभन्दा लामो युद्ध र शत्रुता अन्त्य गर्ने सम्झौताको सफलता नजिक पुगेका छन् ।

इजरायलले सबै पक्षहरूले युद्धविराम सम्झौताको पहिलो चरणमा हस्ताक्षर गरेको उल्लेख गर्दै हमासले बन्दीहरूलाई मुक्त गरेपछि मात्र युद्धको अन्त्य हुने बताएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजिप्टमा भएको यो सम्झौताले गत महिना गाजाका लागि घोषणा गरेको २० सूत्रीय शान्ति योजनालाई आत्मसात् गरेको बताउँदै आइतबार मध्य पूर्वका लागि प्रस्थान गर्ने योजना बनाएको बताएका छन् ।

इजिप्टले सम्झौताको समापन मनाउन एउटा कार्यक्रमको योजना बनाइरहेको छ, जसका लागि ट्रम्प पनि इजरायलमा रोकिने अपेक्षा गरिएको छ । इजरायली सरकारले सम्झौता अनुमोदन गर्न बिहीबार बैठकको २४ घण्टाभित्र युद्धविराम गर्ने बताएको थियो, जसअन्तर्गत अन्ततः इजरायली सेना गाजाबाट फिर्ता हुनुपर्ने छ ।

नेतान्याहुको कार्यालयले शुक्रबार विज्ञप्ति जारी गर्दै सरकारले जीवित र मृतक सबै बन्धकहरूको रिहाइलाई अनुमोदन गरेको जनाएको छ । जसका लागि नेतान्याहूले दक्षिणपन्थी सहयोगीहरूबाट दबाबको सामना गर्नु परेको थियो । राष्ट्रिय सुरक्षामन्त्री इटामार बेन गभिरले गाजामा बाँकी रहेका ४७ जना बन्धकहरूको बदलामा हजारौं प्यालेस्टिनी कैदीहरूलाई रिहा गर्ने योजनालाई 'असहनीय' भन्दै सम्झौताको विरूद्ध मतदान गर्ने बताएका थिए ।

इजरायल र गाजामा उत्सव र विश्व नेताहरूले सम्झौताको प्रशंसासहितको सन्देशको बावजुद, हमासलाई निशस्त्र बनाउने योजनाको आह्वान र ट्रम्पको नेतृत्वमा गाजाका लागि प्रस्तावित संक्रमणकालीन अधिकारसहित धेरै मुद्दाहरू विचाराधीन रहेका छन् । हमासका वरिष्ठ अधिकारी ओसामा हमदानले प्यालेस्टिनी इस्लामवादी आन्दोलनले प्रस्तावलाई अस्वीकार गरेको बताएका छन् । यद्यपि हामासले आफ्नो हतियार आत्मसमर्पण गरेको सवाललाई शान्ति योजनाको दोस्रो चरणमा सम्बोधन गरिने ट्रम्पले बताएका छन् ।

वरिष्ठ अमेरिकी अधिकारीहरूले अमेरिकी सेन्ट्रल कमाण्डका प्रमुख एडमिरल ब्राड कुपरको नेतृत्वमा २०० जनाको सैन्य टोली मध्यपूर्वमा युद्धविरामको 'निरीक्षण' गर्न तैनाथ गरिने बताएका छन् । पहिलो चरणको मस्यौदामा बिहीबार 'सबै पक्षहरू' द्वारा हस्ताक्षर गरिएको पुष्टि गर्दै इजरायली सरकारका प्रवक्ता सोश बेड्रोसियानले पत्रकारहरूलाई भने, 'हाम्रा सबै बन्धकहरू, जीवित र मृतकहरू, ७२ घण्टापछि रिहा हुने छन् ।' *रासस/एएफपी*

## रिहा हुने २५० कैदीको सूची सार्वजनिक

**जेरुसेलम–** इजरायलको न्याय मन्त्रालयले शुक्रबार हमाससँगको युद्धविरामको सम्झौताको एक भागको रूपमा गाजामा बन्धक बनाइएका बन्धकहरूको बदलामा रिहा गरिने २५० कैदीको सूची सार्वजनिक गरेको छ ।

यो सूचीमा रिहाइका लागि हमासले माग गरेका धेरै वरिष्ठ प्यालेस्टिनी लडाकु नेताहरूको नाम समावेश गरिएको छैन । इजरायली जेलमा आजीवन कारावासको सजाय भोगिरहेका प्यालेस्टिनी नेताहरू मारवान बरघोटी, अहमद सादत, हसन सलामेह र अब्बास अल-सैयद हुन् तर यो सूचीमा उनीहरूको नाम समावेश छैन ।

हत्याको आरोपमा सन् २००४ मा आजीवन कारावासको सजाय सुनाइएको र इजरायलले आतंकवादी मानेका बार्घोटीलाई प्यालेस्टिनी समर्थकहरूले कहिलेकाहीँ 'प्यालेस्टिनी मण्डेला' भनेर वर्णन गर्ने गरेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रस्ताव गरेको २० बुँदे योजनाका आधारमा इजरायल र हमासबीच पहिलो चरणको युद्धविराम र बन्धक बन्दी साटासाट सम्झौतामा सहमति भएपछि रिहाइका लागि बन्धकहको नाम सार्वजनिक गर्न थालिएको हो । योजनाअनुसार इजरायलले हमासको सन् २०२३ अक्टोबर ७ मा इजरायलमा आक्रमणपछि युद्ध सुरु भएदेखि विभिन्न जेलमा रहेका २५० कैदीसहित र लगभग एक हजार ७०० गाजावासीहरूलाई रिहा गर्ने छ । बदलामा हमासले दुई वर्षअघि आक्रमणका क्रममा अपहरित २५१ मध्ये ४७ जना बन्धकलाई हस्तान्तरण गर्ने छ । सन् २०१४ देखि गाजामा बन्धक बनाइएका थप एक व्यक्तिको अवशेष पनि फिर्ता हुने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# जापानमा गठबन्धन भंगपछि गहिरियो राजनीतिक संकट

**टोकियो–** सत्तारूढ गठबन्धनका कनिष्ठ साझेदार कोमेइतो पार्टीले गठबन्धन छोडेपछि देश राजनीतिक अनिश्चिततामा फसेसँगै जापानको पहिलो महिला प्रधानमन्त्री बन्ने प्रयासमा रहेकी साने तकाइचीको राजनीतिक यात्रा ठूलो संकटमा परेको छ ।

तकाइचीले लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) को नेतृत्व एक हप्ताभन्दा कम समयअघि सम्हालेका थिए र यो महिनामै संसद्बाट प्रधानमन्त्रीका रूपमा अनुमोदन हुने अपेक्षा गरिएको थियो । तर, २५ वर्षदेखि लगभग निरन्तर सत्तामा रहेको एलडिपी-कोमेइतो गठबन्धनको अन्त्यले जापानलाई नयाँ राजनीतिक संकटमा धकेलेको छ ।

गठबन्धन भंगको घोषणासँगै जापानी मुद्रा येन डलरको तुलनामा घट्यो भने निक्केई सेयर सूचकांक एक प्रतिशतले तल झऱ्यो । 'हामीले एलडिपी-कोमेइतो गठबन्धनलाई अहिलेका लागि अन्त्य गर्दै सम्बन्ध पुनर्विचार गर्न चाहन्छौं । हाम्रो मागहरूमा एलडिपीको स्पष्ट र ठोस सहयोग नपाएकाले यो निर्णय लिन बाध्य भएका हौं,' कोमेइतोका प्रमुख तेत्सुओ साइटोले पत्रकारहरूलाई भने, 'यदि आवश्यक सुधारहरू हासिल गर्न असम्भव भयो भने साने तकाइचीलाई प्रधानमन्त्रीका लागि समर्थन गर्नु हाम्रा लागि पूण रूपमा असम्भव हुने छ ।'

मिडिया रिपोर्टहरूका अनुसार साइटो तकाइचीको एलडिपीभित्रको हालैको 'स्लस फन्ड स्क्यान्डल' सम्बन्धी जवाफप्रति असन्तुष्ट थिए । कोमेइतोले भने बजेट योजना र दुवै पार्टीले तयार पारेका अन्य कानुनहरूमा सहयोग जारी राख्ने बताएको छ ।



तकाइचीले गत वर्ष पदभार सम्हालेका प्रधानमन्त्री सिगेरु इसिबालाई प्रतिस्थापन गर्ने तयारी गरेका थिए । तर, मुद्रास्फीति र एलडिपीभित्रको वित्तीय घोटालाका कारण गठबन्धनले संसद्को दुवै सदनमा बहुमत गुमाएको थियो । कोमेइतो, तकाइचीको रूढीवादी धारणाप्रति पनि असहज रहेको बताइएको छ । उनी विगतमा युद्ध अपराधीहरूलाई समेत सम्मान गर्ने यासुकुनी मन्दिरमा नियमितरूपमा जाने गर्थे । उनका गुरु स्वर्गीय सिञ्जो आबेले सन् २०१३ मा प्रधानमन्त्रीका रूपमा उक्त मन्दिरको अन्तिम भ्रमण गरेका थिए, जसले चीन, दक्षिण कोरिया र अमेरिका सबैको असन्तुष्टि निम्त्याएको थियो ।

यसै सन्दर्भमा स्थानीय मिडियाले यो शरद ऋतुमा (अक्टोबर १७ देखि १९) हुने चाडपर्वका क्रममा तकाइचीले मन्दिर भ्रमण नगर्ने सम्भावना रहेको बताएको छ । मार्गरेट थ्याचरलाई आफ्नो आदर्श मान्नुहुने ६४ वर्षीया तकाइचीले शनिबार एलडिपीको नेतृत्व जितेपछि 'नयाँ युगको सुरुआत' भएको बताएका थिए । उनले युवा र लोकप्रिय राजनीतिज्ञ सिञ्जिरो कोइजुमीलाई हराएका थिए । कोइजुमी ४४ वर्षको उमेरमा जापानका सबैभन्दा कान्छा प्रधानमन्त्री बन्न सक्ने सम्भावनामा थिए र एलडिपीभित्र पुस्ता परिवर्तनको प्रतीक मानिन्थे ।

तर, स्यानसेइतो जस्ता आप्रवासन विरोधी साना दलहरूका लागि जनसमर्थन बढ्दै जाँदा एलडिपीको लोकप्रियता घट्दै गएको छ । यदि तकाइची प्रधानमन्त्री बन्दै छन् भने पनि उनले वृद्ध हुँदै गएको जनसंख्या, कमजोर अर्थतन्त्र, आप्रवासनबारे बढ्दो असहजता र भूराजनीतिक तनावजस्ता गम्भीर चुनौतीहरूको सामना गर्नुपर्ने छ ।

प्रधानमन्त्रीका रूपमा उनको पहिलो औपचारिक कर्तव्यमध्ये एक अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको स्वागत हुने छ । ट्रम्प अक्टोबरको अन्त्यतिर जापान भ्रमणमा आउने तयारीमा रहेको बताइएको छ । *रासस/एएफपी*

# जापानमा विदेशी बासिन्दाको संख्या करिब ४० लाख

**टोकियो–** जापानमा बसोबास गर्ने विदेशी नागरिकहरूको संख्या हालसम्मकै उच्च स्तरमा पुगेको छ । देशमा श्रमशक्ति अभावका कारण पछिल्ला वर्षहरूमा विदेशी कामदारहरूलाई ठूलो संख्यामा स्वीकार गरिँदै आएको छ । सरकारी तथ्यांकअनुसार सन् २०२५ को जुन महिनाको अन्त्यसम्म जापानमा स्थायी वा अस्थायीरूपमा बसोबास गर्ने विदेशी बासिन्दाहरूको संख्या ३९ लाख ५६ हजार पुगेको हो ।

अध्यागमन सेवा एजेन्सीले शुक्रबार सार्वजनिक गरेको तथ्यांकअनुसार यो संख्या सन् २०२४ को अन्त्यको तुलनामा करिब पाँच प्रतिशत अर्थात् एक लाख ८७ हजारले वृद्धि भएको हो । हाल जापानको कूल जनसंख्याको ३.२१ प्रतिशत हिस्सा विदेशी बासिन्दाहरूले ओगटेका छन्, जुन अघिल्ला वर्षहरूको तुलनामा उल्लेखनीय वृद्धि हो ।

आवासीय स्थितिको आधारमा हेर्दा स्थायी बासिन्दाहरूको संख्या १.५ प्रतिशतले बढ्दै नौ लाख ३२ हजार ९० पुगेको छ, जसले सबैभन्दा ठूलो समूह प्रतिनिधित्व गर्छ । त्यसपछि दोभाषे र अन्य पेसागत कामदारहरूसमेत समावेश इञ्जिनियर, मानविकी तथा अन्तर्राष्ट्रिय सेवाका विशेषज्ञहरूको भिसा कोटीमा रहेका व्यक्तिहरूको संख्या ९.४ प्रतिशतले बढेर चार लाख ५८ हजार १०९ पुगेको छ । अध्यागमन एजेन्सीका अनुसार हालको वृद्धिदर निरन्तर रहँदा सन् २०२५ को अन्त्यसम्म जापानमा विदेशी बासिन्दाहरूको संख्या करिब ४१ लाख ५० हजार पुग्ने अपेक्षा गरिएको छ ।

यसै अवधिमा सन् २०२५ को पहिलो अर्धवार्षिकमा जापानमा प्रवेश गर्ने विदेशी आगन्तुकहरूको संख्यासमेत तीव्र रूपमा बढ्दै दुई करोड १३ लाख मिलियन पुगेको छ । यो अघिल्लो वर्षको तुलनामा २१ प्रतिशतले बढी हो । एजेन्सीको अनुमानअनुसार यस वर्षभर जापान प्रवेश गर्ने विदेशीहरूको कुल संख्या करिब चार करोड ५० लाख पुग्ने सम्भावना रहेको छ । *रासस/सिन्ह्वा*


**तमोर कन्चनजंगा हाइड्रो लिमिटेड**
रजिष्ट्रर कार्यालय, ल.पु.म.न.पा.वडा नं.३, धोविघाट, ललितपुर ।
सम्पर्क नं ०१-५४२५४०६

**प्रथम वार्षिक साधारण सभा हुने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२५ गते**

यस तमोर कन्चनजंगा हाइड्रो लिमिटेड कम्पनीको मिति २०८२/०६/२३ गते बसेको संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम निम्न विषयहरु माथी छलफल गरी पारित गर्न कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरु उपस्थित भई दिनु हुन वा रितपुर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन अनुरोध छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८२ कात्तिक १४ गते, शुक्रबार
**समय** : दिउसो २:०० बजे
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची तथा प्रस्तावहरु :**
**क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाब सहितको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. कम्पनी सचिव नियुक्ति सम्बन्धमा ।
५. विविध ।
**ख) विशेष प्रस्ताव :**
१. युनियन हाइड्रोपावर लिमिटेड कम्पनीद्वारा प्रवर्द्धित माथिल्लो तमोर ए जलविद्युत आयोजना (६० मे.वा) को विद्युत उत्पादन अनुमतिपत्र तमोर कन्चनजंगा हाइड्रो लिमिटेडको नाममा प्राप्ति सम्बन्धमा ।
२. आयोजना प्राप्तिको लागि आवश्यक प्रक्रिया पुरा गर्न गर्नुपर्ने सम्पूर्ण काम कारबाहीका लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**संचालक समितिको आज्ञाले**
**अध्यक्ष**



**युएइमा रोजगार** कम्पनी : NB FARMING SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 332207 | चलानी नं. ६०२४५८८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farming Worker | 30 | 0 | 1700 | ५७,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



**कतारमा रोजगार** कम्पनी : DELWAN QATAR
पूर्व स्वीकृति मिति : २०८१/१२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 320936 | चलानी नं. ६०२३५०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tile Maker | 1 | 0 | 1100 | ४२,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Maker | 1 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 3 | Plaster Worker | 9 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 4 | Pipe Fitter | 6 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 5 | PAINTER | 5 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 6 | Mason (Nepal) | 2 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 7 | Labour | 1 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 8 | Electric | 2 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 9 | Digger | 4 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 10 | DECOR WOOD WORKER | 1 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 11 | Carpenter | 3 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 12 | Building Worker | 2 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 13 | Brick Mason | 5 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 14 | Blacksmith | 2 | 0 | 1100 | ४२,७३६ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



**साउदीमा रोजगार** कम्पनी : AL-MITHAL AL-MAMIZ CONSTRUCTION ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 332233 | चलानी नं. ६०२४५९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३७,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Server,food And Beverage Dept | 1 | 0 | 1000 | ३७,८३९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com



**कतारमा रोजगार** कम्पनी : ALALAM AL JADEED COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 331977 | चलानी नं. ६०२४५८३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CUSTOMER SERVICE STAFF | 0 | 4 | 1300 | ५०,५०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Cleaning Worker | 6 | 0 | 1100 | ४२,७३६ | | | | | | | |
| 3 | FLOWER MAKER | 0 | 5 | 1300 | ५०,५०६ | | | | | | | |
| 4 | MEN CLOTHES SALES | 8 | 0 | 1300 | ५०,५०६ | | | | | | | |
| 5 | Receptionist | 0 | 5 | 1100 | ४२,७३६ | | | | | | | |
| 6 | RUG AND CARPET SALESMAN | 6 | 0 | 1300 | ५०,५०६ | | | | | | | |
| 7 | Sales Lady | 0 | 7 | 1300 | ५०,५०६ | | | | | | | |
| 8 | WOMENS CLOTHES SALES | 0 | 10 | 1300 | ५०,५०६ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL PLACEMENT AGENCY PVT. LTD.
Govt. License 290/059/60
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999, Mob: Nepaljung: 9858024576, 9868127802
Rautahat: 9843195764, Dhangadi: 9848844526, Butwal: 9801977544, KTM: 9851002903, Email : info@npajobs.com, Web : www.npajobs.com



**मलेसियामा रोजगार** कम्पनी : RASHID AZLAN SECURITY SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | LT. No. 331643 | चलानी नं. ६०२३९५९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५७,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।**
**सुनसरी इटहरीमा मिति २०८२ कार्तिक २ गते (19th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MAHAD MANPOWER PVT. LTD. (SPLENDID JOB SOLUTION PVT. LTD.)
श्रम इजाजत नं. ९८१/०६७/०६८
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457, WhatsApp: +977 9845312486, +977 9808530379
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



**कतारमा रोजगार** कम्पनी : DAR ALRAQMANA FOR INFORMATION TECHNOLOGY AND SERVICES
पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 332175 | चलानी नं. ६०२४५८६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 0 | 10 | 1000 | ३८,८५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paliv International Pvt. Ltd.
श्रम ईजाजत नं. ११६४/०७३/०७४
Aruna Lama Marga-4, Maharajgunj, Kathmandu, Nepal, Tel : +977-1-4518268, 4518716, 5911470
Mobile: 9801070598, E-mail : info.palivinternational@gmail.com, Web: www.palivinternational.com



**साउदीमा रोजगार** कम्पनी : FLAVORS DETAILS RESTAURANT
पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 332102 | चलानी नं. ६०२४५८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loaders | 1 | 0 | 1000 | ३८,०११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक १ गते (18th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २३५००० | प्रति तोला – ० | प्रति तोला – ३०८५



**जुट केलाइँदै** | सुनसरीको इनरुवा नगरपालिका–२ स्थित सडक किनारमा जुट केलाउँदै किसान । यतिबेला जुट स्थानीय बजारमा चार हजार पाँच सय रूपैयाँ प्रति मन (४० किलो)का दरले बिक्री भइरहेको किसान बताउँछन् । *तस्बिरः नवीन गड्तौला/रासस*

# निर्यात अनुदान बन्द नगर्न सरकारसमक्ष आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्सले निर्यात अनुदान बन्द नगर्न सरकारसमक्ष आग्रह गरेको छ । सिंहदरबारमा चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालसहित पदाधिकारी र कार्यसमितिको टोलीले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हासँग भेटवार्ता गर्दै निर्यातमा दिँदै आइएको सहुलियत अनुदान बन्द नगर्न आग्रह गरेको हो ।

आन्तरिक उत्पादनहरूको निर्यात क्षमता प्रतिस्पर्धी बन्न नसकेको, उत्पादन लागत उच्च भएको अवस्थामा सरकारको पछिल्लो निर्णयले निर्यात निरुत्साहित हुने चेम्बरद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्दै लगानीकर्ताको मनोबल उकास्ने गरी नीतिगत सहजता गर्न चेम्बरले उद्योगमन्त्री सिन्हासमक्ष आग्रह गरेको छ ।

वर्तमान परिस्थितिमा औद्योगिक तथा व्यावसायिक सुरक्षाको प्रत्याभूतिका साथै लगानीमैत्री वातावरण निर्माण गर्न चेम्बरले आग्रह गरेको हो । चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अर्थतन्त्रलाई सबल बनाउन निजी क्षेत्रसँग साझेदारी गर्दै नीतिगत स्पष्टता, लगानीमैत्री वातावरण र व्यावसायिक सुरक्षाको सुनिश्चितता गर्ने विषयलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने आजको आवश्यकता छ ।'

**▶▶ अर्थतन्त्रलाई सबल बनाउन निजी क्षेत्रसँग साझेदारी गर्दै नीतिगत स्पष्टता, लगानीमैत्री वातावरण र व्यावसायिक सुरक्षाको सुनिश्चितता गर्ने विषयलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने आजको आवश्यकता छ ।**

जेनजीद्वारा गरिएको प्रदर्शनबाट गम्भीर रूपमा प्रभावित उद्योग तथा व्यवसायलाई कर्जाको पुनर्तालिकीकरण, सहुलियत दरमा कर्जा उपलब्धता एवं पुनर्निर्माणका क्रममा उद्यमी, व्यवसायीले आयात गर्ने सामानमा ५० प्रतिशत भन्सार छुट, अन्तशुल्क छुटको व्यवस्था तथा द्रुतगतिमा बिमा दाबी फर्स्योट गर्ने नीतिगत व्यवस्थाहरूको चेम्बरले स्वागत गरेको छ ।

यस्तै, मूल्यांकनका आधार कारोबार मूल्य हुनुपर्ने, 'सन्दर्भ पुस्तिका' हटाइनुपर्ने चेम्बरले लामो समयदेखि उठाउँदै आएको मागलाई हाल सम्बोधन गरिएको, विराटनगर भन्सार कार्यालयबाट अनलाइन मूल्यांकन प्रणालीको सुरुआत गरिएकामा चेम्बरले स्वागत गरेको छ । चेम्बरले ऐन, कानुनमा स्पष्टताको अभावले दबाबमूलक ढंगबाट कर उठाउने प्रवृत्तिको अन्त्य गर्न सरकारसमक्ष आग्रह गरेको छ ।

जेनजी प्रदर्शनको मर्मअनुसार युवा उद्यमीहरूलाई छिटो र सजिलो कर्जाको पहुँच दिन तथा सीपमा आधारित व्यवसायलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा चेम्बरले जोड दिएको छ । यस्तै, व्यवसाय दर्ता, कर तथा अनुमतिपत्र (लाइसेन्स)सम्बन्धी प्रक्रियालाई पारदर्शी, डिजिटलमैत्री र सरल बनाउन चेम्बरले सुझाव दिएको छ । मुलुकमा ५० प्रतिशतभन्दा बढी युवा जनशक्ति रहेको भन्दै चेम्बरका अध्यक्ष अग्रवालले युवालाई रोजगारीको मूलप्रवाहमा ल्याएर आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्नुपर्नेमा जोड दिए ।

चेम्बरका पदाधिकारीसँगको भेटवार्तामा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री सिन्हाले निजी क्षेत्रमा सुरक्षाको प्रत्याभूतिसहित लगानीमैत्री वातावरण सृजना गरेर अर्थतन्त्रलाई निकास दिन आफूहरू प्रयासरत रहेको बताए । औद्योगिक तथा व्यावसायिक क्षेत्रको सुरक्षाका लागि चेम्बरले राखेको एकीकृत सुरक्षा प्रणालीको अवधारणा उपयुक्त हुने उनले उल्लेख गरे ।

# आर्थिक समृद्धिको मूल आधार पर्यटन : पर्यटन सचिव

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले पर्यटन क्षेत्र नेपालको आर्थिक समृद्धिको मूल आधार रहेको बताएका छन् । नेपाल पर्वतारोहण संघको ३५औं वार्षिक साधारणसभामा उनले वर्तमान सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकता दिएर अगाडि बढ्ने स्पष्ट पारे ।

सचिव मैनालीले नेपाल पर्वतारोहणको दृष्टिकोणले असाध्यै सम्भावनायुक्त मुलुक रहेकाले विश्वभर प्रवर्द्धन गरेमा मुलुकले यथोचित लाभ लिने विश्वास व्यक्त गर्नुभयो । उनले भने, 'पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिएर अगाडि बढाउनुपर्छ भन्नेमा सरकार स्पष्ट छ ।'

पर्यटन विभागका महानिर्देशक डा. नारायणप्रसाद रेग्मीले अथाह पर्यटकीय सम्भावनायुक्त नेपालको पर्वतारोहण क्षेत्रको विकास र प्रवर्द्धनका लागि सबै सक्रिय हुनुपर्नेमा जोड दिए । उनले जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्दै हिमाली पर्यटन र सभ्यताको संरक्षणमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याए ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले पर्यटन क्षेत्रको आत्मबल बढाउन सुरक्षाको प्रत्याभूति दिलाउन आवश्यक रहेकोमा जोड दिए ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेले पर्वतीय पर्यटनको दिगो विकासका लागि जलवायु परिवर्तनको जोखिम न्यूनीकरणमा पर्यटन क्षेत्रका अगुवा संस्थाहरू एकताबद्ध भएर लाग्नुपर्ने धारणा राखे ।

नेपाल पर्वतारोहण संघका अध्यक्ष फुर गेल्जे शेर्पाले पर्वतीय पर्यटन विकासका लागि सरकार र निजी क्षेत्रको बलियो साझेदारी आवश्यक रहेको उल्लेख गरे ।

# एनएमबि बैंक र बेस्ट वेस्टर्न प्लस होटलबीच सम्झौता

**काठमाडौं (प्रस)–** एनएमबि बैंकले आफ्ना ग्राहक र कर्मचारीका लागि विशेष सुविधा उपलब्ध गराउने उद्देश्यले बेस्ट वेस्टर्न प्लस काठमाडौं होटलसँग साझेदारी गरेको छ ।

यस साझेदारीअन्तर्गत एनएमबि बैंकका कार्डवाहकहरूले होटलमा कोठा बुकिङ गर्दा २० प्रतिशतसम्म छुट पाउने भएका छन् । यसले बैंकका ग्राहक तथा कर्मचारीलाई बसाइ किफायती र सहज बनाउन सहयोग गर्ने बैंकले जनाएको छ ।




त्यसैगरी, होटलभित्रका प्रख्यात रेस्टुरेन्टहरू सनराइज क्याफे र ला भिस्टा रूफटप क्याफेमा खानामा १० प्रतिशत छुटको सुविधा पाइनेछ । साथै, बेकरीका सम्पूर्ण सामानमा र होटलको स्विमिङ पुल प्रयोगमा समेत १० प्रतिशत छुटको व्यवस्था गरिएको बैंकले जनाएको छ ।

# सहकारीमार्फत मन्थलीमा माहुरीपालन

**मन्थली (रामेछाप)–** रामेछापमा सहकारीमार्फत माहुरीपालन गर्न थालिएको छ । मनग्य आम्दानी हुन थालेपछि सहकारीमार्फत माहुरीपालन गर्न सुरु गरिएको हो ।

मन्थली र रामेछाप नगरपालिका तथा सुनापति गाउँपालिकाका किसानले माहुरीपालनबाट पर्याप्त आम्दानी गर्ने गरेपछि मन्थलीमा रहेको सदाबहार बहुद्देश्यीय सहकारी संस्थाले व्यावसायिक रूपमा माहुरीपालन सुरु गरेको हो । सदरमुकाम मन्थली बजारमा २० घारबाट सुरु गरिएको माहुरीपालनले मनग्य आम्दानी हुन थालेपछि आफूले सहकारीमार्फत माहुरीपालन विस्तार गरी ६० घार पुऱ्याउने लक्ष्य राखेको सदावहार बहुद्देश्यीय सहकारी संस्था मन्थलीका अध्यक्ष चन्द्र मानन्धरले बताए ।

'सहकारीमार्फत माहुरीपालन गरिएको यो जिल्लामा पहिलो हो । यसलाई व्यवस्थित तरिकाले सञ्चालन गर्ने हो भने अन्य सहकारीले पनि यस प्रकारका कृषिकर्ममा लगानी गर्ने वा आफैँले माहुरीपालन गरे फाइदा हुने देखिन्छ', उनले भने, 'माहुरीपालन बचत तथा ऋणको कारोबार गर्ने सहकारी आफैँले गर्न त नमिल्ला, तर कृषिसँग सम्बन्धित सहकारीले माहुरीपालन गरेर राम्रो आम्दानी लिन सक्छन् । माहुरीपालक इमान्दार कृषकलाई जिल्लामा रहेका बचत तथा ऋण सहकारी संस्थाले पनि लगानी गर्न सक्छन् ।'

विशेषगरी पुस र माघ महिनामा तोरी फुलेको याममा बढी मह उत्पादन हुने भएकाले मेलिफेरा जातका माहुरीले राम्रो उत्पादन दिने माहुरी पालक किसान बताउँछन् । परम्परागत रूपमा पालिएका सेरेना जातका माहुरी लोकल माहुरी भएकाले यिनिहरूले कम मह उत्पादन गर्ने गरेका कारण अहिले व्यावसायिक रूपमा मौरीपालन गर्ने किसानले मेलिफेरा जातको माहुरी पाल्ने गरेका अध्यक्ष मानन्धरले बताए ।

वर्षाको समयमा माहुरी चर्न जान नसक्ने र फूलसमेत कम फुल्ने भएपछि उनीहरूको चरन क्षेत्र कम हुने भएका कारण यस वेला निक्कै कम मात्र मह उत्पादन हुने गर्दछ । तालिम प्राप्त नगरेका व्यक्तिले माहुरीपालन गर्न कठिनाइ हुनेहुँदा यसका लागि तालिम अनिवार्य भएको माहुरी कृषकहरू बताउँछन् ।

सुक्खा ठाउँमा हुने व्यवसायको विकल्प खोज्दै जाँदा आफू यस माहुरीपालन व्यवसायमा लागेको र सोबाट उत्पादित मह बिक्रीबाट आफूले मासिक रूपमा ५० हजारभन्दा बढी कमाउने गरको रामेछाप नगरपालिका-७ सुकाजोरका माहुरीपालक कृषक कृष्णबहादुर मगर बताउँछन् ।

उनले भने, 'म लामो समय वैदेशिक रोजगारीमा थिए । विसं २०७२ को भूकम्पपछि नेपाल फर्केर आफ्नै गाउँमा केही गरौँ भन्ने अठोटका साथ पहिला पशुपालन गरे । त्यसपछि कुखुरा पाले तर तिनीहरूलाई घाँस, पानी र दाना नियमिति दिनुपर्ने गाउँमा पानीको समस्या हुने भएपछि अन्य विकल्प खोज्दै जाँदा मैले यो व्यवसाय रोजेको हुँ । यसबाट म सन्तुष्ट छु ।'

सुरुसुरुमा माहुरीपालक किसानका लागि अनुदानको व्यवस्था गर्ने गरिएको, अनुदान प्राप्त भएपछि एउटै किसानने माहुरीपालन विस्तार गर्ने तर गाउँका अन्य सिकानले खासै चासो नगर्ने भएपछि उक्त अनुदानका साझेदारी कार्यक्रम कटौती भएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले जनाएको छ ।

आफ्नो कार्यालयसँग गत वर्ष माहुरी प्रवर्द्धन कार्यक्रम रहे पनि यस वर्ष भने उक्त कार्यक्रमका लागि बजेट विनियोजन नभएको तर युवालक्षित कार्यक्रमअन्तर्गत बास्तविकताका आधारमा केही सहयोग गर्न सकिने राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका कार्यालय प्रमुख थिरलाल गैरेले बताए । तोरी वा अन्य फुल फुलेको ठाँउमा माहुरी चराउन लैजाने गरिन्छ । पराग सेचनमा माहुरीको महत्वपूर्ण योगदान हुने हुनाले मौरी चराएको तोरी बढी फल्ने मन्थलीकी सरिता ढुङ्गेलले बताइन् ।

मह प्रतिकिलो रु एक हजारदेखि रु एक हजार ५०० सम्ममा बिक्री हुने गरेको छ । यसको बजार, रामेछापको जिल्ला सदरमुकाम मन्थली छिमेकी जिल्ला दोलखा, सिन्धुली र काठमाडौँ हो । त्यसका अलावा विभिन्न समयमा जिल्ला जिल्लामा हुने गरेको मेला तथा महोत्सवमा समेत मह बिक्री हुने गरेको सुनापति गाउँपालिका-५ का माहुरीपालक कृषक कृष्णबहादुर श्रेष्ठ बताउँछन् ।

वर्षात्को समयमा भन्दा हिउँदको समयमा बढी मह उत्पादन हुने यस व्यवसाय प्रबर्द्धन गर्नका लागि सरकारी निकायको विषेश पहल हुनुपर्ने मन्थली-५ सुनारपानीका कृषक हिरालाल आचार्यले बताए । यो व्यवशायका लागि स्थानीय तहले विशेष कार्यक्रम सञ्चालन गर्नसके गाउँमै स्वरोजगार बन्न सकिने अवस्था रहेको मन्थली-१ का गुञ्जबहादुर श्रेष्ठ बताउँछन् । *रासस*

**खाद्य गुणस्तरमा ध्यान दिऔं**

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामाग्री नबेचौं र नकिनौं,
- खाद्य सामाग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारणदेखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसालौं,
- अत्याधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं,
- खाद्य सामाग्री सही तापक्रममा भण्डारण गरौं,

स्वस्थ्य जीवनका लागि गुणस्तरीय खाना खाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं–७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ